## मुक्तिनाथ पेन्सन बचत योजना

| बचत दर प्रति महिना | १० बर्षे योजना | | १५ बर्षे योजना | |
|---|---|---|---|---|
| | खातामा जम्मा हुने रकम | प्राप्तहुने एकमुष्ठ सुविधा रकम | खातामा जम्मा हुने रकम | प्राप्तहुने एकमुष्ठ सुविधा रकम |
| रू. ५० | ६,०००/- | ९,०००/- | ९,०००/- | १८,०००/- |
| रू. १०० | १२,०००/- | १८,०००/- | १८,०००/- | ३६,०००/- |
| रू. १५० | १८,०००/- | २७,०००/- | २७,०००/- | ५४,०००/- |
| रू. २०० | २४,०००/- | ३६,०००/- | ३६,०००/- | ७२,०००/- |
| रू. ४०० | ४८,०००/- | ७२,०००/- | ७२,०००/- | १,४४,०००/- |

**कर्जा सुरक्षण योजना** (Loan Security Scheme)

यस वित्तीय संस्थाको लघुवित्त कार्यक्रममा सदस्य बनी साधारण तथा विशिष्ट कर्जा लिई कारोबार गरेका सदस्यहरूसँग कर्जा रकमको बार्षिक १ प्रतिशतले हुने रकम शुल्क लिई कर्जाको सुरक्षण गरिएको हुन्छ। समूह तथा केन्द्रमा रही नियमित कारोबार गरेको सदस्यको कर्जा भाखा अवधि भित्र मृत्यु भएमा निजको तिर्न बाँकी कर्जा तथा व्याज मिनाह गरिन्छ। यदि सोही अवधिमा सदस्यको पतिको मृत्यु भएमा काज किरियामा राहत स्वरूप रू.१,५००/- उपलब्ध गराइन्छ।

**पशु बीमा योजना** (Livestock Insurance Scheme)

यस योजना अन्तर्गत संस्थाले ठूला पशुधन सुरक्षणको लागि कर्जा लगानी गर्दा वार्षिक ३ प्रतिशत सुरक्षण शुल्क लिई निक्षेप तथा कर्जा सुरक्षण निगमसँग बीमा गर्ने योजना मिलाएको छ। सदस्यहरूले बीमा गराएको पशुधन कर्जाको भाखा अबधि भित्र मरेको अवस्थामा निक्षेप तथा कर्जा सुरक्षण निगमबाट नियमानुसार सुरक्षण रकमको ८० प्रतिशत रकम क्षतिपूर्ति वापत राहत सम्बन्धित ऋणीलाई प्रदान गरिन्छ।

**रेमिटान्स तथा मनि ट्रान्सफर (विप्रेषण) सेवा** (Remittance & Money Transfer Service)

यस कार्यक्रम अन्तर्गत सदस्यका आफन्त तथा छोरा-छोरीलाई रकम पठाउन वा लिन चाहेमा कार्यक्षेत्र भित्र मनि ट्रान्सफर सुविधा उपलब्ध गराइएको छ। कर्जाको किस्ता रकम पनि मनि ट्रान्सफर सुविधा अन्तर्गत पठाउन सकिन्छ। अन्य बैंकसँग समन्वय गरी आफन्तले विदेशबाट पठाएको रकम रेमिटान्स सुविधा अन्तर्गत प्रदान गर्दै आएको छ। यस कार्यक्रमको लागि संस्थाले विभिन्न प्रकारका मनि ट्रान्सफर सेवा प्रदायकहरूसँग सम्झौता गरी एजेन्टको रूपमा सेवा प्रदान गरिरहेको छ।

**सदस्यहरूको क्षमता अभिबृद्धि तथा तालिम कार्यक्रम** (Capacity Building & Training Programme)

सदस्यहरूको आवश्यकता र चाहनालाई पहिचान गरी उनीहरूको क्षमता विकासको लागि सीपमूलक तालिम, अवलोकन भ्रमण तथा अन्य नेतृत्व विकासमूलक कार्यक्रम संचालन गर्दै आइरहेको छ। संस्थाले वार्षिक रूपमा संचालन गर्ने केन्द्र प्रमुख गोष्ठीमा समग्र कार्यक्रमको समीक्षा गरिनुका साथै उत्कृष्ट केन्द्रहरूलाई पुरस्कृत गरिन्छ। बैंकको वार्षिक साधारण सभामा हरेक कार्यालयबाट प्रथम भएका केन्द्रहरू मध्येबाट संस्थाकै उत्कृष्ट प्रथम, द्वितीय र तृतीय केन्द्र घोषणा गरी सम्मान तथा नगद पुरस्कार प्रदान गरिन्छ। यस प्रकारको व्यवस्थाले गुणस्तरीय केन्द्र ब्यवस्थापन र दिगो रूपमा केन्द्र सञ्चालन गर्न मद्दत पुऱ्याएको छ।

जनता बैंकमा होइन, बैंक जनतामा जानुपर्छ।

**मुक्तिनाथ सामाजिक सुरक्षा सेवा कार्यक्रम** (Muktinath Social Security Program)

संस्थाका ग्राहक सदस्यहरूलाई प्राकृतिक विपत्ती आइ पर्दा संभावित जोखिमहरूबाट केही मात्रमा भए पनि सुरक्षित पार्न संस्थाले मुक्तिनाथ सामाजिक सुरक्षा सेवा कार्यक्रम ल्याएको छ। यस कार्यक्रम अन्तरगत संस्थाले सदस्यहरू सुत्केरी (पहिलो २ पटक मात्र) भएको वेला पोषक खाद्यवस्तु खान, बाढी पहिरोमा परी सम्पत्ती नोक्सान भएको अवस्था, आगलागी तथा चट्याङ्गले गर्दा जनधनको क्षती भएमा क्षतीको मात्रा अनुसार आंशिक राहत प्रदान गरिन्छ।

**भिजन-२०१५** (Vision-2015)

यस संस्थाले प्रदान गरेको लघुवित्त सेवा तथा सुविधाहरूको बारेमा सरोकारवालाहरूसँग समीक्षा गरी योजनावद्ध रूपमा बढी भन्दा बढी विपन्न परिवार माझ पुऱ्याउने प्रतिवद्धता अनुरूप संस्थाको मार्ग चित्रको रूपमा भिजन २०१५ तयार पारी लागू गरिएको छ। संस्थाले लघुवित्त कार्यक्रमको माध्यमबाट ग्राहक सदस्यहरूलाई स्तरीय सेवा प्रदान गर्न सन् २०१५ सम्मका लागि तपसिल लक्ष्यहरू लिएको छ।

(क) हालको ३ जिल्लाका सम्पूर्ण गा.वि.स.हरूका साथै थप भएका ७ जिल्लाका ग्रामीण तथा शहरी भेगमा सेवा विस्तार गर्ने।
(ख) हालको लघुवित्त सेवालाई अझ स्तरीय बनाई घरदैलोमुखी वित्तीय सेवा प्रदान गर्ने।
(ग) आ. व. २०७१/०७२ को अन्त्य सम्ममा ६०,११० विपन्न घरधुरीमा सेवा प्रदान गर्ने।
(घ) अन्य सहयोगी संस्थाको सहयोग भन्दा बचतलाई जोड दिई लगानीको लागि पूँजि परिचालन गर्ने।
(ङ) ग्राहक सदस्यहरूको माग अनुरूपका बचत तथा कर्जा सेवाका साथै अन्य सेवाहरू पनि सञ्चालन गर्दै जाने।
(च) गुणस्तरीय सेवा प्रदान गर्न दक्ष जनशक्तिको विकास गर्ने।

**मुक्तिनाथ विकास बैंकका विशेषताहरू** (Feature of MNBBL)

१. नेपाली समाज सुहाउँदो बैंकिङ्ग सेवाहरू "आधुनिक बैंकिङ्ग, ग्रामिण बैंकिङ्ग र लघुवित्त बैंकिङ्ग" एकैसाथ सञ्चालन गर्ने नेपालकै पहिलो वित्तीय संस्था।
२. स्थापनाकालदेखि सक्षम र दीगोपना तर्फ उन्मुख वित्तीय संस्था।
३. हालको कार्यक्षेत्र (स्याङ्जा, कास्की र तनहूँ) मा सबैभन्दा धेरै शाखा सञ्जाल तथा सबै गाउँबस्ती समेट्ने अभियानका साथ वित्तीय सेवा सञ्चालित।
४. नेपालको बैकिङ्ग इतिहासमा हजारदेखि करोडसम्म ऋण प्रदान गर्ने पहिलो वित्तीय संस्था।
५. रू. २ लाखसम्मको निक्षेप बीमा भएको हुँदा निक्षेपमा थप सुरक्षणको व्यवस्था गरिएको।
६. स्थापनाको ६ बर्षको छोटो अवधिमा ९० हजार भन्दा बढी परिवारमा वित्तीय सेवा पुऱ्याएको।
७. साना निक्षेपकर्ताहरू बढी भएकोले लगानीयोग्य पूँजी बढी हुनुको साथै तरलताको समस्या नरहेको।
८. सानो ऋणको संख्या धेरै भएकोले कर्जाको जोखिम अत्यन्तै कम रहेको साथै रियलस्टेट कर्जा नगन्य मात्रामा रहेको।

*विस्तृत जानकारीको लागि:*
*नजिकको डेस्क/इकाई/उपशाखा कार्यालयहरूमा सम्पर्क राख्नुहोला।*

# मुक्तिनाथ विकास बैंक लिमिटेड
# Muktinath Bikas Bank Limited



# लघुवित्त कार्यक्रम एक चिनारी

**केन्द्रीय कार्यालय**
लघुवित्त विभाग
फोन नं.: ०६१-५३८०३९, फ्याक्स: ०६१-५२४१९२
Email: mbbl.mfd@gmail.com
Website: www.muktinathbank.com.np

मेरो बैंक. तपाईंको बैंक.. हामी सबैको बैंक ... मुक्तिनाथ विकास बैंक लि.

## परिचय (Introduction)

नेपाल सरकारको खुल्ला अर्थनीति र देशको आर्थिक अवस्थालाई दृष्टिगत गरी विभिन्न क्षेत्रहरूमा छरिएर रहेको पुँजीलाई संकलन गर्दै उत्पादनशील क्षेत्रमा लगानी गर्न र देशको समग्र आर्थिक तथा सामाजिक विकासमा थप टेवा पुऱ्याउने उद्देश्यले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०६३ अन्तर्गत नेपाल राष्ट्र बैंकबाट बैंकिङ्ग कारोबार गर्न "ख" वर्गको वित्तीय संस्थाको रुपमा इजाजत प्राप्त गरी २०६३ पौष १९ गते मुक्तिनाथ विकास बैंक लि. स्थापना भएको हो । गाउँदेखि शहरसम्म, गरिवदेखि धनीसम्म सबैलाई प्रत्यक्ष वित्तीय सेवा प्रदान गर्ने उद्देश्यले शहरी, अर्ध शहरी तथा ग्रामीण क्षेत्रहरूमा शाखा कार्यालयहरू स्थापना गरी आधुनिक बैकिङ्ग, ग्रामीण बैकिङ्ग सेवाको साथै लघुवित्त कार्यक्रम समेत सञ्चालन गर्दै आइरहेको छ । तीन जिल्लामा (स्याङ्गजा, कास्की र तनहुँ) रहेको बैंकको कार्यक्रमलाई थप सात जिल्लामा (बाग्लुङ्ग, पर्वत, पाल्पा, गुल्मी, रूपन्देही, चितवन र नवलपरासी) विस्तार गर्न शुरू गरी सकिएको छ ।

## परिदृश्य (Vision)

वित्तीय सेवाको माध्यमद्वारा देशका जनताको सामाजिक र आर्थिक स्तर उकास्ने ।

## अभियान (Mission)

वित्तीय सेवाको आवश्यकता भएका लक्षित वर्गहरूलाई वित्तीय सेवा प्रदान गर्दै उनीहरूको जीवन स्तरमा सकारात्मक सुधार गर्न विविध वित्तीय सेवाहरू प्रदान गरी दिगो र अग्रणी संस्थाको रूपमा स्थापित हुने ।

## लक्ष्य (Goal)

संस्थाका सम्पूर्ण सेवाग्राहीहरूको उच्च मनोवल कायम राख्दै कर्जा, बचत, बीमा, विप्रेषण र सामाजिक सुरक्षा कार्यक्रमको माध्यमद्वारा संस्थाको कार्यक्षेत्र भित्र रहेका बढी भन्दा बढी ग्राहकहरूलाई आवश्यकता अनुसारको गुणस्तरीय वित्तीय सेवाहरू उपलब्ध गराउने ।

## उद्देश्य (Objectives)

सर्वसाधारण जनतामा छरिएर रहेको निष्क्रिय पूँजीलाई निक्षेपको रुपमा संकलन गरी उद्योग, ब्यापार, कृषि, सेवा आदि जस्ता उत्पादनशील तथा रोजगार-मूलक योजनाहरू छनौट गरी सरल र सुलभ तरिकाले कर्जा लगानी गर्ने साथै संस्थाका निक्षेपकर्ता र शेयरधनीहरूको हकहितको संरक्षण तथा सम्बर्द्धन गर्दै गुणस्तरीय र भरपर्दो तथा ग्राहकहरूको चाहना र आवश्यकता अनुरुप शहरी, अर्ध शहरी तथा ग्रामीण क्षेत्रहरूमा वित्तीय सेवा प्रदान गर्ने यस संस्थाको मुख्य उद्देश्य रहेको छ ।

## निर्देशक सिद्धान्तहरू (Guiding Principles)

"जनता बैंकमा होइन बैंक जनतामा जानु पर्दछ" भन्ने निर्देशक सिद्धान्तका साथ "गाउँ-गाउँमा लघुवित्त फैलाउँ, गरिबी र विपन्नता हटाउँ" भन्ने अभियान चाली "एक व्यक्ति एक बचत खाता, एक परिवार एक सफल व्यवसायी", "महिलाहरूको आर्थिक तथा सामाजिक विकास, गरिबी निवारणको भरपर्दो निकास", "होइन फजुल खर्च बचत गर्नुपर्दछ", "कमाएर मात्र होइन बचत गरेर धनी भइन्छ" जस्ता मूल मन्त्रलाई आत्मसात गरी यस संस्थाले नेपाली समाज सुहाउँदो तपसिलका वित्तीय सेवाहरू प्रदान गर्दै आइरहेको छ ।

## सेवाहरू (Services)

**(क) आधुनिक बैंकिङ्ग सेवा (Modern Banking Service) :**

समयको माग र ग्राहकको आवश्यकता अनुसार छिटो-छरितो पूर्ण बैंकिङ्ग सेवा प्रदान गर्नको लागि ।

**(ख) ग्रामीण बैंकिङ्ग सेवा (Rural Banking Service ) :**

ग्रामीण क्षेत्रमा बसोबास गर्ने बासिन्दाहरूलाई बैंकिङ्ग बानीको विकास गराउन तथा वित्तीय संस्थाहरू नभएको स्थानमा कार्यालय स्थापना गरी सीमित बैंकिङ्ग सेवा प्रदान गर्नको लागि ।

**(ग) लघुवित्त सेवा (Microfinance Service ) :**

आधुनिक बैंकिङ्ग र ग्रामीण बैंकिङ्गको दायरालाई फराकिलो पार्दै ग्रामीण तथा शहरी क्षेत्रमा बसोबास गरी पूँजीको अभावमा व्यापार तथा लघुउद्यम सञ्चालन गर्न नसकेका गरिब, विपन्न तथा जागरूक महिलाहरूको आर्थिक तथा सामाजिक विकास गराउने उद्देश्यले बिना धितो कर्जा उपलब्ध गराउन तथा स-सानो निक्षेप संकलन गर्नको लागि २०६५ बैशाखदेखि लघुवित्त कार्यक्रमलाई विशेष अभियानको रूपमा सञ्चालन गर्दै आइरहेको छ ।

### संस्थाले लघुवित्त कार्यक्रम सञ्चालन गर्नुको कारण :

आर्थिक क्षेत्रको विकास बिना कुनैपनि राजनीतिक र सामाजिक परिवर्तनहरू दिगो नहुने, ग्रामीण क्षेत्रको विकास बिना समग्र राष्ट्रको विकास सम्भव नहुने तथा महिलाहरूको आर्थिक तथा सामाजिक विकास बिना समाज, गाउँ र राष्ट्रको विकासको कल्पना समेत गर्न नसकिने भएको हुँदा समग्र राष्ट्रको आर्थिक विकासको मूल प्रवाहमा गरिब तथा विपन्न वर्गको पनि सहभागिता अनिवार्य हुन जान्छ । तसर्थ राष्ट्र निर्माणको अभियानमा सहभागी भई ठोस योगदान दिन यस संस्थाले **लघुवित्त कार्यक्रम**लाई पनि आफ्नो प्राथमिकतामा राखी सेवा प्रदान गर्दै आई रहेको छ ।

### लघुवित्त कार्यक्रममा कसरी सहभागी हुन सकिन्छ ?

**साधारण समूह अन्तर्गत (General Group)**

बैंकको कार्यक्षेत्र भित्र बसोबास गरेका, एक आपसमा चिनजान भई विश्वास भएका, धनजमानी बस्न सक्ने, सबैको बानी व्यवहार चिनेजानेको, सुख दुःखमा साथ दिँदै आएका साथै आयआर्जनका कामहरू गरी आफ्नो खुट्टामा आफै उभिनु पर्छ भन्ने अठोट लिएका महिलाहरू यस कार्यक्रममा सहभागी हुन सक्दछन् । यस कार्यक्रम सञ्चालन हुन कम्तिमा १० देखि बढीमा ३० जना सदस्यहरू हुनु पर्दछ । तोकिएको योग्यता पुगेका इच्छुक महिलाहरूलाई नजिकको पायक पर्ने ठाउँमा गई बैंकका कर्मचारीहरूद्वारा सात दिनको समूह प्रवेश पूर्वतालिम दिइन्छ । तालिममा सफल सदस्यहरूबाट केन्द्र गठन गरिन्छ । केन्द्र बैठक मासिक रूपमा निर्धारित दिन तथा समयमा सञ्चालन हुन्छ । प्रत्येक केन्द्र बैठकमा बचत तथा कर्जाको सदुपयोगिता, किस्ता सङ्कलन, बचत फिर्ता, कर्जामाग तथा वितरण साथै सदस्यहरूका समस्याको बारेमा छलफल गरिन्छ ।

**व्यवसायिक समूह अन्तर्गत (Business Group)**

ग्रामीण तथा बजार क्षेत्रमा लघु व्यवसाय सञ्चालन गरिरहेका लघुउद्यमीहरूलाई वित्तीय पूँजी प्रदान गर्न व्यवसायिक समूह गठन गरिन्छ । समूहमा आपसमा मिलेर बस्ने र सामूहिक जिम्मेवारी वहन गर्न मञ्जुर भएको, स्थायी बसोबास भएको र अस्थायी तथा बहालमा बस्नेको हकमा सम्बन्धित घरधनीको वा स्थानीय प्रतिष्ठित व्यक्तिले जिम्मेवारी लिन लिखित मञ्जुरीनामा दिएको उद्यमीहरू तोकिएको शर्त पूरा गरेमा व्यवसायिक समूहमार्फत् सेवा प्रदान गर्न सकिन्छ । योग्य महिलाहरूलाई ३ दिनसम्मको अनिवार्य समूह प्रवेश पूर्व तालिम दिई व्यावसायिक समूहमा प्रवेश गराइन्छ ।

## कार्यक्षेत्र (Working Area)

मुक्तिनाथ विकास बैंकले हाल स्याङ्गजा कास्की र तनहूँ जिल्लामा कार्यक्रम संचालन गरी रहेको भएतापनि आगामी दिनमा स्वीकृति प्राप्त गरेका सबै १० जिल्लामा आफ्नो वित्तीय सेवाको विस्तार गर्ने योजनामा रहेको छ ।

### लघुवित्त कार्यक्रम अन्तर्गत पाइने सेवाहरू

- कर्जा सेवा
- कर्जा सुरक्षण सेवा तथा बीमा सेवा
- मुक्तिनाथ सामाजिक सुरक्षा सेवा कार्यक्रम
- बचत सेवा
- रेमिटान्स तथा मनि ट्रान्सफर(विप्रेषण)
- सीप तथा क्षमता अभिबृद्धि कार्यक्रम

### कर्जा सेवा (Loan Product)

| क्र. सं. | कर्जाको प्रकार | लगानी रकम (रू.) | भाखा अवधि | बार्षिक ब्याज दर (घट्दो दर) | सेवा शुल्क | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | साधारण कर्जा | १,०००- १,००,००० सम्म | १-१ ½ वर्ष | २०% | १% | |
| २ | व्यवसायिक समूह कर्जा | २५,०००- १,००,००० सम्म | १-२ वर्ष | २०% | २% | |
| ३ | विशिष्ठ सदस्य विशेष कर्जा | साधारण समेत गरी १,००,००० सम्म | १-२ वर्ष | २०% | २% | (एक चक्र साधारण कर्जा चलाई सके पछी मात्र) |
| ४ | लघुउद्यम कर्जा | १,००,०००- ३,००,००० सम्म | १-३ वर्ष | १८% | २% | (पर्याप्त धितो लिई) |
| ५ | ब्यक्तिगत कर्जा | १०,०००- ३,००,००० सम्म | १-३ वर्ष | १८% | २% | (पर्याप्त धितो लिई) |
| ६ | दुग्ध व्यवसाय प्रबर्द्धन कर्जा | २५,०००- १,००,००० सम्म | १-२ वर्ष | २०% | १% | |

### बचत सेवा (Savings Product)

| किसिम | रकम | ब्याजदर |
|---|---|---|
| समूह बचत | रू.३०/- देखि रू.१००/- सम्म | ७% |
| केन्द्रकोष बचत | ५% कर्जा रकमको | ७% |
| ब्यक्तिगत बचत | रू.१/- देखि माथि | ७% |
| मुक्तिनाथ पेन्सन बचत | रू.५०/- देखि रू.४००/- सम्म | निम्न तालिका अनुसार |
| पर्व बचत | रू.३०/- देखि माथि | ७% |
| उपकार कोष | रू.५/- देखि माथि | ७% |
| मुद्दती निक्षेप योजना | रू.१०,०००/- देखि माथि | ९% देखि ११% |
| दैनिक तथा आवधिक | रू.१००/- देखि माथि | ७% |
| ग्रामीण बचत | रू.५००/-देखि माथि | ६% देखि माथि |